# आमचोक राजपत्र

आमचोक सरकारद्वारा प्रकाशित

खण्ड १) वालंखा, चैत्र २० गते, २०७४ साल (संख्या

भाग १

आमचोक सरकार

**गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४**

**सभाबाट स्वीकृत मिति :- २०७४।**

**आमचोक गाउँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को १०२ ले दिएको अधिकार प्रयोग गरी यो आमचोक कार्यपालिकाले यो आमचोक गाउंपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ जारी गरेको छ ।





प्रस्तावना:

नेपालको संविधान, २०७२ को अनुसूची-८ बमोजिम उपभोक्ता हित संरक्षणार्थ बजार अनुगमनको जिम्मेबारी स्थानीय तहलाई तोकिएको हुंदा सो संवैधानिक दायित्व कार्यान्वयनको लागि नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनको अधिनमा रही संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यो नमूना निर्देशिका तयार गरिएको छ । उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउंहरूमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल स्थानीय गाउंपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले आमचोक गाउंपालिकाले

गाउँसभाको मिति २०७४/११/२८ को बैठकबाट पारित ग

निर्देशिका लागु गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नाम " आमचोक गाउँपालिका

गरिने बजार अनुगमन निर्देशिका, २०७४" रहेको छ

(ख) यो निर्देशिका आमचोक गाउँसभाबाट स्वीकृत भ

मितिदेखि लागु हुनेछ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

निर्देशिकामा,

(क) "अनुगमन टोली" भन्नाले कार्यालयले विशेषज्ञ स

गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले गाउँपा

उपाध्यक्षको संयोजकत्वमा गठित समिति बुझ्नु पर्द

(ग) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय स

पर्दछ।



CamScanner

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्रिवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ङ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(च) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होष्टेल, खाजाघर संचालक आदिलाइ समेत जनाउने छ ।

(छ) "स्थानीय सरकार" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक

सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकु
यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक
नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्द

(झ) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति
सम्झनु पर्दछ।

## परिच्छेद-२

## उपभोक्ता हित संरक्षण समिति

३. उपभोक्ता हित संरक्षण समिति

उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आ
नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मा
एंव समन्वयको लागि गाउँपालिकाले उपभोक्ता हित सं
समितिको गठन गर्नेछ।

४. उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हु

(क). आमचोक गाउँपालिकाको उपाध्यक्ष - संयो

(ख). आमचोक गाउँपालिकाको आर्थिक समितिका संयोज
सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधी - सदस्य

(घ) खाद्य, गुणस्तर, औषधि/जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्ने ( उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख/प्रतिनिधि - सदस्य

(ङ) सम्वन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट एक जना - सदस्य

(छ) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/डेक्स/इकाईका प्रमुख -सदस्य सचिव

५. उपभोक्ता हित संरक्षण समितिका काम कर्तब्य र अधिकार

क. उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

ख. अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्वन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

ग. समितिले यस निर्देशिकाको दफा (८) २ अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची-१ को फारममा उल्लेख भए

अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रति
माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(च) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उप
वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(छ) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गर्ने र टोलि
आवश्यकता अनुसार मार्ग दर्शन गर्ने ,

(ज) गाउँपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्व
गर्ने/ गराउने ।

(झ) उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानुनी कारवाही
लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

६. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी कार्यविधि

उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एक प
अनिवार्य रूपमा बस्नु पर्नेछ । समितिको बैठकले आफ
कार्यविधि आफै तयार गर्नेछ । यसरी बैठक बस्दा कम्तिम
तीन दिन अगाडि बैठकको विषय सहितको सूच
सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

७. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन गाउँपालिकाले निम्न व्यवस्था गर्नु पर्नेछ :-

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/इकाई/डेस्कको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यन्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका का संचालन गर्ने,

(ङ) आफ्नो गाउँपालिका अन्तर्गत स्थापित वा संचालि व्यवसायको दर्ता, नविकरण, बिल विजक तथा लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल आदिको अनुगमन गर्ने,

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, हो लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको गर्ने,

८. बजार अनुगमन टोली गठन :

१. वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, मुल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाक नियमित एंव आकस्मिक अनुगमनको लागि गाउँप बजार अनुगमन टोली गठन गर्नेछ।

२. उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् :

क. कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाई/डेस्कको प्रमुख-संयोजक

ख. सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म)

ग. स्थानीय प्रशासनको प्रतिनिधि (उपलब्ध भएसम्म) - सदस्य

घ. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

ङ. उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट मनोनित एक जना -सदस्य

च. उद्योग वाणिज्य संघको प्रतिनिधि(उपलब्ध भएसम्म)एक जना सदस्य

- सदस्य

छ. पत्रकार महासंघ/संचारकर्मी एक जना -सदस्य

३. अनुगमन टोलीमा कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिने छ । तर कुनै

विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्ब
विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधी अनिवार्य
समावेश गराउनु पर्ने छ । ( विषयगत विज्ञ
प्रतिनिधी भन्नाले जस्तै खाद्य वा कृषि उपजको
खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्रा
वुझिने छ ।)

४. उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाइले मा
रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकी
प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार:-

दफा ८ (१) बमोजिम गठित बजार अनुगमन टो
प्रचलित कानुन बमोजिम देहाय अनुसारका का
गर्नुपर्नेछ:-

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मा
अनुगमन कार्यतालिका बनाई स्वीकृतीको लागि समितिमा पेश

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप ( मिसावट/गुणस्तरहिन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) उपभोक्ता हित संरक्षण समितिबाट सम

दिइएका निर्देशन एवं आदेश बमोजिमका का

।

(छ) संपन्न बजार अनुगमन प्रतिवेदन सोहि दिन को

पेश गर्नु पर्नेछ ।

१०. बजार अनुगमन कार्यविधि :

१. बजार अनुगमन टोलीले बजार अनुगमन क

विषयमा विशेष ध्यान दिनु पर्नेछ :

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबा

बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता

प्रमाण-पत्र, स्थायी लेखा नम्बर (एव्ल) को प्र

खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र ल

आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै

नियमिति रुपमा नविकरण भए/नभएको हेर्ने । प्रमाणपत्र

वा नविकरण नगरेको देखिएमा बढीमा ७ दिन भित्र सो

कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।



CamScanner

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिनभित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ /छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयलाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ /छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधीविज्ञ ( फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधि बिक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उ वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको लेबलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने । पुन: ले वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, होटल बधशाला वा माछा मासु विक्रिस्थल सफा र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा क प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने,

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी ग छ/छैन हेर्ने । विल अनिवार्य गर्न निर्देशन दिने ।

२. गाउँपालिकाले अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाई/डेस्क

लिखित कार्य विवरण तोक्नु पर्नेछ । सोही आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्वन्धी कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-४

## उजुरी सम्बन्धी व्यवस्था

११. **उजुरी दिन सक्ने:**

(क) कुनै बस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्तिले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाई/डेस्कमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्ने,

(ख) उपदफा (क) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमवाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरिने छ,

(ग) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायवाट अनुगमनको लागि लेखि आएमा

सो लाई समेत उजुरीको रूपमा ग्रहण गरि

अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु

(घ) उपदफा (ग) बमोजिम अनुगमन तथा निरीक्षण विक्रेता वा सेवा प्रदायकले प्रचलित कानुन मापदण्ड विपरित व्यापारिक क्रियाकलाप पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ,

(ङ) उपदफा (घ) बमोजिम अनुगमन टोलीले गरेको कारवाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित बमोजिम गाउँपालिकाको उपाध्यक्ष वा समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ,

## परिच्छेद-५

## अनुगमन सम्बन्धी प्रकृया

१२. **अनुगमनको पूर्व तयारी :** अनुगमन टोलीले अनुगमन पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक तथा सेवा मध्ये कुन, कुन विषयलाई

प्रथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जांदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्वन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

१३. बजार अनुगमन गर्ने प्रकृया:

(क) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नुपर्नेछ । अनुगमन टोलिका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्वन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।



CamScanner

(ख) उपदफा (क) बमोजिम बजार अनुगमन सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाहीको सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी प सक्नेछ ।

(ग) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्र कानून बमोजिम नमूना संकलन गरी सोको विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यव समेत दस्तखत भएको स्थलगत मुचुल्का पर्नेछ । सम्बन्धित व्यवसायीले मुचुल्का दस्तख नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्ति रोहवरमा मुचुल्का तयार गरी आवश्यकता सिलबन्दी समेत गरी परीक्षणको लागि सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनु

(घ) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई

तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(ङ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखि अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्वन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

(१४) दण्ड जरिवाना :

(क) बजार अनुगमन टोलीले वजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको बिक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा

वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक
सक्नेछ तथा त्यस्ता वस्तु अनुगमन टोलीले
लिई नियमानुसार कार्यवाही बढाउने छ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने
अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग
लिखित स्पष्टीकरण माग गर्न सक्नेछ।

(ग) अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्ष
गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित
बमोजिम अनुसन्धान तहकिकातको लागि
अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट
गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष
कागजात सहित लेखी पठाउनु पर्नेछ।

(घ) उपदफा (ग) बमोजिम लेखि आएमा सम्
अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया
सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ।



CamScanner

(ङ) उपदफा (क) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्वन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

(च) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ वा गाउँ सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरूप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्नेछ ।

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा स्थानीय शासन संचालन सम्वन्धि ऐन वा गाउँ सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २५, वा नेपाल गुणस्तर

ऐन २०३७ र स्ट्याण्डर्ड नापतौल ऐन २०२
प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(ज) स्थानीय सरकार संचालन ऐन, २०७४ वा
सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा
बमोजिम अन्यथा वस्तु वा मालसामान सिल
गर्नुपर्दा खाद्य नियमावली, २०२७ को नियम १
उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम
२९ वा नेपाल गुणस्तर ऐन, २०३७ वा स्ट
नापतौल ऐन, २०२५ वा प्रचलित कानून
गर्नुपर्नेछ।

(झ) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण
भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिए
अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन
सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो
सिलवन्दी गर्न सक्नेछ। यसरी सिलबन्दी गरिए
प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आव
मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिने

(ञ) उपदफा (ण) बमोजिम निर्देशन दिएकोमा
सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ
कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले

अनुगमन गराई सुधार भएको पाइएमा सिलवन्दी हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ ।

(ट) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (ग्लावष्च त्चवमभ एचबअतष्अभक), कानूनद्वारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप ( Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्नेछ ।

## परिच्छेद -६

## आचार संहिता

१५. आचार संहिता: बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागो
इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अ
गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको
दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुवि
आतिथ्य स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदै

(च) अनुगमनको कारवाही सम्वन्धी सूचना प्रवाह
अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र
गर्नुपर्नेछ । तथा अनुगमन टोलीमा रहने
सदस्यहरूको जानकारी दिनु हुँदैन् ,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधि
प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हु
व्यवसायीको भण्डारण स्थल वा पसलबाट अ
तरिकाले माल वस्तु निकाल्नु हुँदैन ,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अ नुगमन
कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन
गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित

बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ,

(झ) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहंरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्यांउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद -७

## विविध

१६. **बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट:**

(क) गाउँपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम



CamScanner

र बजेट प्राथमिकताका साथ वार्षिक कार्य
समावेश गर्नु पर्नेछ,

(ख) नेपाल सरकारबाट बजार अनुगमनका लागि
प्राप्त भएमा सोही अनुसार कार्यक्रममा
गर्नुपर्नेछ,

(ग) बार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको
समेत समावेश गर्नुपर्नेछ,

(घ) बजार अनुगमनको क्रममा नमूना संकलन
प्रदायकलाई वस्तुको मूल्य भूक्तानी गरी बील लि
हुन्छ,

(ङ) बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरूलाई
वापत भत्ता दिनुपर्नेछ।

१७. स्थानीय प्रशासनको कर्तव्य: बजार अनुगमन गर्दा अ
टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग
तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध
स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

१८. **असल नियतले गरेका काम बचाऊ:** यस निर्देशिका बमोजिम वजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्वन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

१९. **प्रचलित कानुन बमोजिम हुने:**

(क) यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई वाधा पुऱ्याएको मानिने छैन ।

२०. दण्ड सजाय:

स्थानीय सरकार संचालन ऐन, २०७४ वा गाउँ सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानून (उपभोक्त हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी बिक्री वितरण सम्वन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन, लगायतका) अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर कानुनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ ।

२१. प्रतिवेदनः

(क) बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनु

अनुसार तयार गर्नुपर्नेछ।

२२. बाधा अड्काउ फुकाउने अधिकारः यस निर्दे

कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता

संरक्षण तथा मूल्याङ्कन समितिको वैठकबाट निर्णयका

बाधा अड्काउ फुकाउ गर्न गाउँपालिकामा पठाईने छ।

२३. संशोधनः यस निर्देशिकामा थपघट गर्ने अधिकार प्र

कानुनको अधिनमा रही गाउँसभाको हुनेछ।

## अनुसूची -१
(दफा ८ को उपदफा ४ सँग सम्वन्धित)

श्री आमचोक गाउपालिका वा नगरपालिका

**विषय:- बजार अनुगमनको मासिक प्रतिवेदन ।**

आज मिति २० / / देखि २० / / सम्म निम्न् स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति / वस्तुहरू | अनुगमन को विवरण ( परिणाम, अवस्था र अन्य कुरा) व्यवसायि क प्रतिष्ठा संस्था | सामान को जफत/ बरामदी नाम /परिमा ण | नष्ट गरिएको वस्तु/परिमा ण नाम परिमाण | सिलवन्दी गरिएको मात्रा / संख्या | गरिएको नमुना संकलन मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बोधार्थ:

श्री संयोजकज्यू

उपभोक्ता हित संरक्षण समिति ।



CamScanner

## अनुसूची -२

(दफा ९ सँग सम्बन्धित)

**(अ) अनुगमन गरिने वस्तुको वर्गिकरण:** बजार अनुगमनको क्र
बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भए
उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गिकरण गरिएको छ

**समूह "क" -खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/दै
उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी,
प्रशोधित पानी आदि ।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पद

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ बिक्री वितरण गरिने बिक्रीस्थल र भण्डारगृ
संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग
प्लाष्टिक पाउचहरू,

(९) माछा, मासु, अण्डा,

(१०) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनि
बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र सु
लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित  औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु ।

**समूह "ग" रासायनिक मल/विषदी/विउ बिजन/कृषि औजार:**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, विउविजन, कृषि औजारहरु,

**समूह "घ"इन्धन:**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको  नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

**समूह "ङ" निर्माण सामाग्री:**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

**समूह "च" शैक्षिक सामाग्री:**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरुको शूल्क आदि ।

**समूह "छ" होटल/लज/रेष्टुरा/खाजाघर/चमेना गृह/लज:**



CamScanner

(१) होटल/रेष्टुरा/खाजाघर/चमेना गृह/लजको सरसफाइ अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पद तथा प्याकेजिङ्ग गरी बिक्रीहुने खाद्य पदार्थहरू, हल्का पदार्थहरू, मदिराजन्य पदार्थ,

समूह "ज" सुर्तिजन्य पदार्थः

(१) सुपारी, पानपराग, सुर्ती, बिडी, चुरोट तथा सुर्ती पदार्थ ।

समूह "झ" नाप तौलः

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग उपकरणहरू ।

समूह "ञ" पशुपंक्षी हाट बजारः

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

समूह "ट" सौन्दर्य सामाग्रीः

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) ब्यूटि पार्लर/सैलुन आदि ।

समूह "ठ" विद्युतीय सामानहरुः

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रनिक्स सामानहरू ।

समूह "ड" रङ्ग/रोगनः



CamScanner

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्ग रोगन संबन्धी सामाग्रीहरु ।

समूह "ढ" गरगहना :

(१) सुन, चाँदि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

समूह "ण" सवारी साधन

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि ।

समूह "त" अन्य:

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

(आ) अनुगमन गरिने सेवाको विवरण:

(१) व्यापारिक सेवा

(२) संचार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरु ।



CamScanner

## अनुसूची - ४

(दफा १० सँग सम्बन्धित)

## दैनिक बजार अनुगमन फारम

मिति :-

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवसायी
दिनु पर्नेछ)

व्यापारिक प्रतिष्ठानको नाम :- श्री

ठेगाना :-

प्रोपाइटर वा फर्मधनीको नाम :-

फोन नं.:-

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोली तपाईंको बिक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु निर्देशन दिइएको छ ।

| क्र.सं. | विवरण | भए को | नभए को | टोलीबाट दिइएको |
|---|---|---|---|---|
| १. | मूल्य-सूची | | | |
| २. | साइनबोर्ड | | | |
| ३. | व्यवसायदर्ता/नवीकरण | | | |
| ४. | नापतौलको प्रमाण | | | |
| ६. | लेबलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | |
| ७. | म्याद नाघेको सामाग्री | | | |
| ८. | स्थायी लेखा (एब्ल नम्बर/स्थतमादर्ता | | | |
| ९. | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| १०. | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | |

| | | | | |
|---|---|---|---|---|
| ११. | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको | | | |
| १२. | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | |
| १३. | ग्यासको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १४. | खरिद बिल/नभएको | | | |
| १५. | यस अगाडिको निर्देशनमा पालना | | | |
| १६. | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुन: अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुनेछ ।

निरीक्षण टोली

१. संयोजक श्री .............................

२. सदस्यश्री ............................

३. सदस्यश्री ............................

४. सदस्यश्री ............................

५. सदस्यश्री............................

..................................

माथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको नाम र सही

प्रतिष्ठानको छाप

## अनुसूची - ५

(दफा १४ सँग सम्बन्धित)

## मुचुल्का

........................ जिल्ला .......................गाउपालिका वडा नं. ........... टोल.................मा खडा गरेको घटना/बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्का:-

१. उजुरी वा सूचनाको छोटकरी विवरण:-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वा नमुना तथा ठाउँको विवरण:-

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरि विवरण:-

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप साक्षी:- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहवरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछाप:-

(क)

(ख)

(ग)

६. निरिक्षण टालीलेले मेरो उद्योग, गोदाम,पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू ....... उद्योग, गोदाम,पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान......छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्ने:-

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्ने:-

(क)

(ख)

(ग)

मिति:-

समय:-

अनुसूची - ६

दफा १४ सँग सम्वन्धित

तारेख भरपाई

पक्ष : ............................................



CamScanner

विपक्ष:जिल्ला..............................गाउँपालिका ..........
वडा नं. ..... स्थायी घर भई हाल ..............................
जिल्ला ................................ गाउँपालिका वडा नं
बस्ने श्री ................................का नाती/नातिनी
................................का छोरा/छोरी वर्ष .......
....................................................नासक व्यक्ति
सञ्चालक श्री ................................सम्पर्क नं. ..............

तारेखउ

मिति ................ साल .................. महिन ............
....... रोज दिनको समय ......... बजे उपस्थितहुनेछु भनी
छाप गर्ने ।

हस्ताक्षर :

नाम:

मिति ........................ साल ......................
........................ गते ......... रोज दिनको समय .......
उपस्थित हुनेछु भनि सही छाप गर्ने ।

हस्ताक्षर :

नाम :

:मिति ............साल ....... महिना .... गते ...... रोज
समय .................. बजे उपस्थित हुनेछु भनि सही छाप

हस्ताक्षर :

नाम :

## अनुसूची-५

## विषयगत समितिहरुको विवरण

(नियम ४ को उपनियम (६) सँग सम्वन्धित)

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

(ख) आर्थिक विकास समिति

(ग) सामाजिक विकास समिति

(घ) पूर्वाधार विकास समिति

(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति

(च) विधेयक समिति

(छ) कृषि विकास समिति

(ज) शिक्षा तथा स्वास्थ्य समिति

(झ) महिला तथा बालवालिका समिति

(ञ) सूचना तथा सञ्चार समिति

आज्ञाले,

याम वहादुर उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत



CamScanner